NIC ASIA CAPITAL

ISO 9001 : 2015 Certified Capital

idea to iPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
# कार्तिक २५, २०७९

## एन आई सी एशिया क्यापिटलमा मात्र रु.९९९/- मा लाईफटाइम डिम्याट खाता योजना संचालन।
## "Pay One Time Forget for Lifetime"

एन आई सी एशिया क्यापिटलले न्यून शुल्कमा आफ्नो ग्राहकहरुलाई उच्च कोटिको सेवा सुविधा उपलब्ध गराउने मुख्य उद्देश्यका साथ **"Pay One Time Forget for Lifetime"** भन्ने नाराका साथ **मात्र रु.९९९/- एकमुष्ठ भुक्तानी गर्दा आजीवन डिम्याट खाता संचालन गर्न** मिल्ने गरि डिम्याट खाता नविकरण योजना संचालनमा ल्याएको छ। कुनै पनि निक्षेप सदस्यमा डिम्याट खाता खोलि शेयरको कारोबार गर्नु हुने खातावालाहरुले प्रत्यक वर्ष डिम्याट खाता नविकरण शुल्क वापत रु.१०० बुझाउनु पर्ने व्यवस्था रहेको तथा उक्त नविकरण शुल्क भुक्तानी नगरेको अवस्थामा सम्बन्धित खातावालाको डिम्याट खाता फ्रिज भई बिक्री गरेको शेयर निर्धारीत समयमा राफसाफ नभई हजारौं जरिवाना समेत भुक्तानी गर्नुपर्ने अवस्था रहेको देखिन्छ। हरेक वर्ष डिम्याट खाता नविकरण शुल्क भुक्तानी गर्नुपर्ने र नविकरण शुल्क भुक्तानी गर्ने प्रकृया निकै झनझटिलो रहेको हुँदा यस क्यापिटलले आफ्नो ग्राहकहरुलाई न्यून शुल्कमा आजीवन डिम्याट खाता नविकरण गरिदिने व्यवस्था मिलाएको छ।

उक्त योजनाले नेपाल धितोपत्र बोर्डले आगामी दिनमा कम्पनीहरुले प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा निष्काशित शेयरको दश प्रतिशत शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुको लागि छुट्याई बाँडफाँड गर्नु पर्ने व्यवस्था गरिसकेको अवस्थामा बैदेशिक रोजगारीमा रहेका तथा बिदेशमा जान लागेका व्यक्तिहरुलाई न्यून शुल्कमा डिम्याट खाता खोलि नविकरण गर्ने झनझटबाट मुक्त हुन सक्नेछन्।

क्यापिटलको आजीवन डिम्याट खाता योजना एन आई सी एशिया क्यापिटल तथा एन आई सी एशिया बैंक लिमिटेको सम्पूर्ण शाखा कार्यालयहरुबाट डिम्याट खाता खोली आजको मितिमा नविकरण शुल्क भुक्तानी गर्न बाँकी नरहेका सम्पूर्ण खातावालाहरु तथा नयाँ खाता खोल्ने ग्राहकहरुले समेत लिन सक्नेछन्। यस एन आई सी एशिया लाईफटाइम डिम्याट खाता नविकरण योजना अर्को सूचना जारी नभएसम्म संचालन हुने छ। साथै डिम्याट खातावालाहरुले आफ्नो खाता नविकरण भए/नभएको सम्बन्धी जानकारी क्यापिटलको वेभसाईट www.nicasiacapital.com वा सोझै https://www.nicasiacapital.com/demat-renewal-status मा क्लिक गरी हेर्न सक्नुहुनेछ।

क्याटिलको आजीवन डिम्याट खाता योजनामा सहभागि हुनको लागि यस क्यापिटलको नाममा **एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाण्डौमा रहेको बैंक खाता नं. ५४४४४५१०२५५२४०१७** मा रु.९९९/- जम्मा/रकमान्तरण गरी वा अनलाईन भुक्तानी माध्यमहरु E-Sewa, Khalti, Connect IPS, PhonePe and IME Pay मार्फत भुक्तानी गर्न सकिनेछ। साथै नविकरण शुल्क भुक्तानी गर्दा डिम्याट खाता नम्बर तथा सम्बन्धित खाताबालाको मोवाइल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

यस सम्बन्धमा कुनै समस्या वा थप जानकारीको लागि क्यापिटलको मोवाईल नम्बरहरु ९८४७३४५०९९, ९८४७३४५१०७ र ९८४८८६५२२३ मा सोझै सम्पर्क गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

Ramendra

NIC ASIA CAPITAL

..............................
रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली
एक DEMAT खाता

मेरो लगानी,
मेरो भविष्य